सहयोगी कर्मचारीहरू श्री नुमलाल खनाल सहायक पाचौ शितगंगा न.पा.

सहयोगी कर्मचारीहरू श्री ओम प्रकाश पाण्डे नां.सु. शितगंगा न.पा.

मिति २०७७/४/२६ नगर कार्यापालिका बैठकमा पेश गर्ने एजेण्डाहरु

१. खोप सम्बन्धमा ।

२. हेल्थ डेक्स सम्बन्धमा ।

३. कृषि तथा पशु उत्पादनमा आधारित कार्यविधि संसोधन सम्बन्धमा ।

४. आइसोलेसन र क्वारेन्टाईन व्यवस्थापन सम्बन्धमा ।

५. कार्यालय सहायक पदपूर्ति सम्बन्धमा ।

६. युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाको लागि (प्राविधिक सहायक पदपूर्ति समितिमा रहने विषय विज्ञ तोक्ने सम्बन्धमा ।

निर्णयहरु

निर्णय नं. १

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस शितगंगा नगरपालिकाको कृषि तथा पशु अनुदान वितरण कार्यविधि संसोधन गर्नु पर्ने देखिएकोले सो सम्बन्धमा विस्तृत अध्ययन गरी संसोधन सहितको कार्यविधि तयार गर्न निम्न अनुसारको समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल

संयोजक :- नगर प्रमुख

सदस्य :- नगर उप-प्रमुख

सदस्य :- वडा अध्यक्ष वडा नं. ३

सदस्य :- आर्थिक विकास समिति संयोजक

सदस्य सचिव :- कृषि विकास शाखा/पशु विकास शाखा प्रमुख (सम्बन्धित कार्यविधिको लाीग)

निर्णय नं. २

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस शितगंगा नगरपालिकाको सातौ नगरसभाबाट नगर प्रमुखको सचिवालयमा सहायक चौथोको तलव भत्ता सुविधा हुने गरी एक जना राख्न सकिने भनि निर्णय भएबमोजिम नगर प्रमुखको सचिवालयमा कार्य गर्न सहायक चौथो तहमा शिनपा ६ निवासी श्री कमल ज्ञवालीलाई करारमा राख्ने र निजहरुलाई चौथो तहका करार कर्मचारीले पाए सरहको नियमानुसारको तलव भत्ता दिने निर्णय गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिकाको युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाको लागि प्राविधिक सहायक पदपूर्ति गर्ने सम्बन्धमा कार्यविधिमा भएको व्यवस्था बमोजिम पदपूर्ति समितिमा रहने विषय विज्ञ यस न.पा.का इन्जिनियर विवेक के.सी.लाई तोक्ने निर्णय गरियो ।

मिति २०७७/५/२३ गतेको नगरकार्यापालिका बैठकका एजेण्डाहरु

१. आधारभुत स्वास्थ्य इकाई थप संरक्षणको लागि समपुरक वजेट माग गर्ने सम्बन्धमा ।

२. स्थानीय तहमा पर्यटन पूर्वाधार तथा पर्यटन उपज साझेदारी कार्यक्रम माग सम्बन्धमा ।

३. खोप /महिला स्वास्थ्य स्वंयम सेविका सम्बन्धमा ।

४. वास योजना प्राथमिकीकरण गर्ने सम्बन्धमा ।

५. खोलाको संक्षिप्त/प्रारम्भिक वातावरणीय अध्ययन गर्ने सम्बन्धमा ।

६. नापी सम्बन्धमा ।

७. नगर शिक्षा समितिमा मनोनयन सम्बन्धमा ।

८. पूर्ण सरसफाई कार्यक्रम माग गर्ने सम्बन्धमा ।

९. डोहोटे हेल्प डेक्सको खर्च रकम भुक्तानी सम्बन्धमा ।

**निर्णयहरु**

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा प्रदेश सरकार सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालय रुपन्देहीको प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरुको पूर्वाधार निर्माण सहयोग कार्यक्रम अर्न्तगत नयाँ भवन निर्माण, पुरानो भवनमा कोठा थप तथा तला थप, कम्पाउण्ड निर्माण, वर्थिङ्ग सेन्टरमा आवास भवन तथा शौचालय निर्माण गर्ने कार्य २५ प्रतिशत लागत साझेदारी स्थानीय तहले व्यहोंने गरी प्रस्ताव माग भएबमोजिम निम्न कार्यको लागि माग गर्ने निर्णय गरियो ।

तपशिल

१. स्वास्थ्य चौकी भवन निर्माण वडा नं. ७ जलुके

२. प्राथमिक स्वास्थ्य इकाई भवन निर्माण वडा नं. १४

३. प्राथमिक स्वास्थ्य इकाई भवन कम्पाउण्डवाल तथा सेफ्टी टंकी र रङ्गरोगन वडा नं. ४ भेडामारे

४. प्राथमिक स्वास्थ्य ईकाई भवन कम्पाउण्ड वाल निर्माण वडा नं. ११

५. प्राथमिक स्वास्थ्य ईकाई भवन कम्पाउण्ड वाल निर्माण वडा नं. ९

६. प्राथमिक स्वास्थ्य ईकाई भवन कम्पाउण्ड वाल निर्माण वडा नं. १२

७. प्राथमिक स्वास्थ्य ईकाई भवन कम्पाउण्ड वाल निर्माण वडा नं. ६

८. स्वास्थ्य चौकी भवन निर्माण वडा नं. १३ सिमलपानी

९. सामुदायिक स्वास्थ्य इकाई निर्माण शिनपा १ मन्द्रे

१०. स्वास्थ्य केन्द्र भवन ट्रष्ट निर्माण शिनपा ४ ठाडा

११. स्वास्थ्य चौकी भवन शिनपा ५ जुकेना कम्पाउण्ड निर्माण :

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा सस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयको स्थानीय तहमा पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी गर्न आयोजना/कार्यक्रमको प्रस्ताव आव्हान गरेकोमा उक्त माग गरेको प्रस्ताव बमोजिम यस शितगंगा नगरपालिका भित्र पर्ने देहायका पर्यटकीय स्थलको विकास गर्न पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी निर्देशिका २०७७ बमोजिम तोकिएको प्रतिशत साझेदारीमा संचालन गर्न कार्यक्रम माग गर्ने निर्णय गरियो ।

(क) डमरुदह संरक्षण तथा सौर्न्दयीकरण शिनपा ३ ठाडा

(ख) ऐरावती क्षेत्र पतञ्जली ऋषि जन्मस्थल पूर्वाधार निर्माण शिनपा ७

(ग) अमिता पार्क पूर्वाधार निर्माण शिनपा १२

(घ) बराहदह संरक्षण तथा पूर्वाधार निर्माण शिनपा ९

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा स्वास्थ्य तर्फ यस न.पा.का विभिन्न खोप केन्द्रहरुमा खोप लैजानको लागि गत विगत वर्षहरुमा संघीय सरकारबाट सर्शत अनुदान तर्फ खोप ढुवानी भनि रकम विनियोजन भई आउने गरेकोमा यस वर्ष खोप ढुवानी शिर्षकमा रकम प्राप्त नभएकोले उक्त खोप ढुवानी बापत नियमित आउने गरेको रकम संघीय सरकारको सम्बन्धित मन्त्रालयमा माग गर्ने । साथै खोप केन्दहरु भएका तर महिला स्वास्थ्य स्वयम सेविका नभएका ठाउहरुको पहिचान गरी स्वास्थ्य शाखा मार्फत पेश गर्न लगाई महिला स्वास्थ्य स्वयम सेविका थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिकाको अधिकार क्षेत्र भित्र पर्ने नदी/खोलाहरु मध्ये पहिलो चरणमा तपशिल बमोजिमका नदी तथा खोलाको संक्षिप्त/प्रारम्भिक वातावरणीय अध्ययन गरी ठेक्का प्रकृया सुरु गर्ने निर्णय गरियो ।

१. खोरमोर खोला शिनपा १४

२. वाणगंगा खोला शिनपा १४

३. कोन्द्रे खोला वडा नं. १२

४. खयर भट्टी खोला शिनपा ११

५. रङ्गसिङ्ग खोला शिनपा ८ र ९

६. राप्ती नदी शिनपा ८

निर्णय नं. ५

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. ३, ४, १२ मा हाल सम्म जग्गा नाप नक्साको सरकारी नक्सा प्राप्त हुन नसकेको कारण उल्लेखित वडाहरुमा सेवा ग्राहीहरुले घर नक्सा पास तथा जग्गाको सिमांकन छुट्टयाउन माग गरेको अवस्थामा नापी कार्यालयबाट सरकारी नक्सा उपलब्ध नहुँदा सम्म २०४० साल वा २०५८ सालको नाप नक्सा र पूर्जाको आधारमा घर जग्गा नक्सा पास लगायतका सम्पूर्ण कार्य अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. ६

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नगरपालिकाको नगर शिक्षा समितिको नगर शिक्षा ऐनमा भएको व्यवस्था बमोजिम म्याद समाप्त भएकोले नगरपालिकाको शिक्षा ऐनमा भएको व्यवस्था अनुसार मनोनयन गर्नु पर्ने सदस्यहरुमा दहाय बमोजिमका व्यक्तिहरुलाई मनोनयन गरी नगर शिक्षा समितिलाई पूर्णता दिने निर्णय गरियो ।

तपशिल

नगर कार्यपालिका सदस्यहरु मध्येबाट नगरकार्यपालिकाबाट तोकिएको कार्यपालिकाका दुईजना सदस्य मध्ये वडा अध्यक्ष वडा नं. ९ श्री भिम बहादुर के.सी र वडा अध्यक्ष वडा नं. १२ श्री बावुराम गैरे लाई मनोनीत गर्ने ।

नगरपालिका भित्र कृयाशिल अपाङ्ग सम्बन्धि कार्य गर्ने संघ सस्थासँग आवद्ध मध्येबाट नगरकार्यपालिकाबाट मानोनीत १ जनामा शंकर अर्याललाई मनोनीत गर्ने ।

नगरपालिका भित्रका आधारभुत तह र माध्यमिक तह समेतबाट पर्ने गरी एक जना महिला सहित नगरकार्यपालिकाबाट मनोनीत दुई जना प्र.अ.मा शिवादह मा.वि. शिनपा ६ जुकेना का प्र.अ.श्री गिरी थापा र महाकाली आ.वि.शिनपा १ का प्र.अ.श्री उमा अधिकारीलाई मनोनीत गर्ने ।

निर्णय नं. ७

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. २ र ११ मा युएन हेविटाट मार्फत पूर्णसरसफाई कार्यकम संचालन भई रहेकोमा अन्य बाँकी वडाहरुमा समेत पूर्ण सरसफाई सम्बन्धि कार्यकम संचालनको लागि माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस नगरपालिकाको डोहोटेमा हेल्प डेक्स संचालन हुँदा कोठा, खाना तथा खाजा बापत भएको खर्च भुक्तानी माग भई रहेको अवस्थामा भएको खर्चको विषयमा अध्ययन गरी यथार्थ प्रतिवेदन पेश गर्न आर्थिक समितिलाई जिम्मा दिने र उक्त समितिको सदस्य सचिवको रुपमा कार्य गर्न आर्थिक प्रशासन शाखाबाट १ जना रहने गरी गर्ने निर्णय गरियो ।